विरुवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
विरुवा, स्याङजा
गण्डकी प्रदेश, नेपाल
२०७३

आर्थिक वर्ष : २०८१/८२
बैठक संख्या :६

आज मिति २०८१/०९/११ गतेका दिन विरुवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा गाउँ कार्यपालिकाका अध्यक्ष श्री सूर्य बहादुर कुँवर ज्यूको अध्यक्षतामा वसेको कार्यपालिकाको बैठकबाट निम्न अनुसारको उपस्थितिमा तपसिल बमोजिमको निर्णय गरियो ।

**उपस्थिति:**

श्री सूर्य बहादुर कुवँर अध्यक्ष
श्री भगवती शर्मा उपाध्यक्ष
श्री राजेन्द्र कुमार के.सी. सदस्य
श्री नोम बहादुर गुरुङ सदस्य.
श्री मनुकुमारी राना सदस्य
श्री मुक्त बहादुर गुरुङ सदस्य
श्री ङन बहादुर थापा सदस्य
श्री कृष्णबहादुर क्षेत्री सदस्य
श्री मेखराज गुरुङ सदस्य
श्री नविन कुमार आले सदस्य
श्री कुशुम देवी शर्मा श्रेष्ठ सदस्य
श्री र माया गुरुङ सदस्य
श्री दुर्गा देवी थापा सदस्य
श्री इन्दिरा पोखेल सदस्य
श्री पाल सिं विश्वकर्मा सदस्य
श्री कोपिला वि.क. सदस्य
श्री भेषराज आचार्य सदस्य सचिव प्र.प्र.अ.

अन्य उपस्थिति

श्री पिताम्बर पोखेल प्रशासकीय अधिकृत
श्री भेष बहादुर जि.टी. प्रशासकीय अधिकृत
श्री बालकृष्ण पौडेल कम्प्युटर अपरेटर
श्री गणेश गुरुङ कार्यालय सहयोगी

CamScanner

गाउँ कार्यपालिकाको कार्यालय
विरुवा गाउँपालिका
विरुवा, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल
२०७३

मिति :२०८१/०९/११

**प्रस्ताव नं. १**

गाउँसभाको १६ औं अधिवेशन (हिउँदे अधिवेशन) आव्हान सम्बन्धमा।

**निर्णय नं. १**

विरुवा गाउँपालिकाको गाउँसभाको १६ औं अधिवेशन (हिउँदे अधिवेशन) मिति २०८१/०९/२५ गते विहान ११:०० बजेदेखी गाउँपालिकाको सभाहलमा बस्ने गरी आव्हान गर्ने सर्वसम्मतिले निर्णय गरियो।

**प्रस्ताव नं. २**

कृषि कार्यक्रम कार्यान्वयन सम्बन्धमा।

**निर्णय नं. २**

विरुवा गाउँपालिकाको आ.व. २०८१/८२ को लागि स्वीकृत वार्षिक योजना तथा कार्यक्रमको सि.नं. ५० मा रहेको कृषि कार्यक्रम शिर्षकमा विनियोजन भएको बजेटबाट तपसिल बमोजिम कार्यक्रमहरु उल्लेखित बजेट सिमाभित्र गर्ने गरी स्वीकृत गर्ने निर्णय सर्वसहमतिले गरियो।

तपसिल :

| क.सं. | विवरण | विनियोजित बजेट | कैफियत |
|---|---|---|---|
| १ | कृषि तालिम (च्याउ, तरकारी, फलफूल, पुष्प खेती आदि सम्बन्धि तालिम कार्यक्रम) | १,५०,०००/- | |
| २ | प्रांगारिक कृषि कार्यक्रम (गड्यौला वितरण सहित भर्मीकम्पोष्ट वेड निर्माण, भकारो सुधार) | ३,६०,०००/- | कृषकको ५० % साझेदारीमा संचालन गरिने |
| ३ | फलफूल बगैंचा व्यवस्थापन सहयोग कार्यक्रम | १,००,०००/- | |
| ४ | रैथाने बाली प्रवर्द्धन कार्यक्रम | ५०,०००/- | |
| ५ | धान दिवस र कृषि मेला प्रदर्शनी कार्यक्रम | १,००,०००/- | |
| ६ | बाली संरक्षण कार्यक्रम | ५०,०००/- | |
| ७ | अध्यक्ष उत्कृष्ट कृषक पुरस्कार | २,००,०००/- | |
| | जम्मा | १०,००,०००/- | |

**प्रस्ताव नं .३**

अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगारमा रहेका व्यक्तिहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्धता कार्यविधि- २०८१ माथी छलफल तथा स्वीकृती सम्बन्धमा।

...राज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

**निर्णय नं. ३**

विरुवा गाउपालिका क्षेत्रभित्र रहेका अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगारमा रहेका व्यक्तिहरुलाई सामाजिक् सुरक्षा कोषको दायरामा ल्याउने प्रयोजनका लागि अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगारमा रहेका व्यक्तिहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्धता कार्यविधि- २०८१ स्वीकृती गर्ने सर्वसम्मतिले निर्णय गरियो।

**प्रस्ताव नं .४**

पूर्वाधार साझेदारी कार्यक्रम कार्यान्वयन सम्बन्धमा।

**निर्णय नं. ४**

विरुवा गाउँपालिकाको आ.व. २०८१/८२ को लागि स्वीकृत वार्षिक योजना तथा कार्यक्रमको सि.नं. १८२ मा रहेको पूर्वाधार साझेदारी कार्यक्रम तपसिल क्षेत्रहरुमा उल्लेखित बजेटसिमाभित्र रही "विरुवा गाउँपालिकाको पूर्वाधार साझेदारी कार्यक्रम कार्यन्वयन संशोधित कार्यविधि- २०७९" बमोजिम कार्यान्वयन गर्ने गरी प्रक्रिया अगाडी बढाउने सर्वसम्मतिले निर्णय गरियो।

तपसिल :

| क्र. सं. | योजनाको क्षेत्र | बजेट सिमा रु | कैफियत |
|---|---|---|---|
| १ | सिंचाई | १० लाख | |
| २ | सडक बत्ती | ५ लाख | |

**प्रस्ताव नं .५**

साझेदारीमा वडा कार्यालय निर्माणका लागि प्रस्ताव पेश गर्ने सम्बन्धमा।

**निर्णय नं. ५**

गण्डकी प्रदेश आर्थिक मामिला मन्त्रालयद्धारा मिति २०८१/०८/३० गते लागत साझेदारीमा स्थानीय तहको प्रशासकीय भवन तथा वडा कार्यालय निर्माणका लागि प्रकाशित सूचना बमोजिम विरुवा गाउँपालिका ३ नं वडा कार्यालय भवन निर्माणका लागि साझेदारीको प्रस्ताव पेश गर्ने सर्वसम्मतिले निर्णय गरियो। साथै उक्त योजनामा स्थानीय तहको प्रशासकीय भवन निर्माणमा लागत साझेदारी सम्बन्धी मापदण्ड-२०८१ बमोजिम गाउँपालिकाले गर्नुपर्ने साझेदारीका लागि अपुग रकम आगामी गाउँसभाबाट व्यस्थापन तथा सुनिश्चित गरी उक्त रकम खर्च गर्ने प्रतिबद्धता गरियो।

**प्रस्ताव नं .६**

नदीजन्य पदार्थ उत्खननका लागि आय ठेक्का अगाडी बढाउने सम्बन्धमा।

भेषराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

निर्णय नं. ६

विरुवा गाउँपालिका क्षेत्रभित्र बग्ने मेमखोला, बास्तारा खोला र ज्याग्दीखोला क्षेत्रभित्र ढुङ्गा, गिटी, बालुवा (दहत्तर बहत्तर) उत्खनन् तथा संकलनका लागि तयार गरीएको IEE प्रतिवेदनमा नदीजन्य पदार्थ उत्खनन् तथा संकलनका लागि उल्लेख भएका बगैंचा, अम्बोट, राक्सेबोट र लाटापिपल घाटहरुको आय ठेक्का अगाडी बढाउने सर्वसम्मतीले निर्णय गरियो।

प्रस्ताव नं. ७. विविध ।

निर्णय नं. ७.

क. विरुवा गाउँपालिकाको आ.व. २०८१/८२ को बजेट तथा कार्यक्रममा समावेश संघिय विशेष योजना बास्तरा खोला, मेम खोला, ज्याग्दी खोला नदी नियन्त्रण योजना (ठेक्का नं. NCB/BRM/Works/008/2081/82) कार्यान्वयनका लागि कार्यालयसंग निर्माण सम्झौता गरेको मनकामना पराक्रम जे.भी.ले उल्लेखित खोलाहरुमा फाउन्डेशन निर्माण कार्यका लागि स्काभेटर प्रयोग गर्ने अनुमतीका लागि निवेदन पेश गरेको हुँदा उक्त निर्माण कम्पनीलाई वातावरणीय असर नपर्ने तथा फाउन्डेशन खन्ने क्रममा उत्खनन् हुने नदीजन्य सामाग्री अन्य क्षेत्रमा प्रयोग गर्न नपाउने गरी लागत अनुमानमा निर्धारित क्षेत्रमा मात्र प्रयोग गर्ने गरी स्काभेटर प्रयोग गर्न अनुमती प्रदान गर्ने निर्णय गरियो।

ख. विरुवा गाउँपालिकाको बार्षिक बजेट तथा कार्यक्रममा समावेश फुटकर योजना शिर्षकको रकमबाट तपसिल योजनाहरुको निर्माण तथा मर्मत गर्ने निर्णय गरियो।

तपसिल :

स्याङ्दी राम्चे मोटरबाटो मर्मत, विरुवा-६ — रु २५,०००/-/-

तल्लो बलेउ सार्वजनिक शौचालय निर्माण, विरुवा-६ — रु ५०,०००/-

ग. जिल्ला विपद व्यवस्थापन समितिको मिति २०८१/०५/१३ गतेको बैठकको निर्णय अनुसार २०७७ साल जेठ ३० गतेपश्चात घटेका मनसुनजन्य र आगलागीजन्य विपदका घटनाबाट घर पूर्ण क्षती भई घर पुनर्निर्माण गर्नुपर्ने लाभग्राहीहरुलाई दोस्रो र अन्तिम किस्ता रकम उपलब्ध गराउनका लागि पालिकाबाट नियमानुसार साझेदारी गर्नुपर्ने जम्मा रकम रु २,४५,०००/- (दोस्रो किस्ता रु १,४०,०००/- र अन्तिम किस्ता रु १,०५,०००/-) प्रकोप व्यवस्थापन कोषबाट जिल्ला प्रशासन कार्यालय स्याङ्जालाई उपलब्ध गराउने निर्णय गरियो।

लेखराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत